नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ६२

मितिः- २०८१/०५/२१

ने.सं. ११४४ ञलाथ्व ३

विषयः- मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको म्याद थप सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

मानव अधिकार पुरस्कार सम्बन्धी प्रचार प्रसारको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मा.अ./७/०९, मिति २०८१/०४/३२ को पत्र बमोजिम यस मन्त्रालयबाट च.नं. ५५, मिति २०८१/०५/११ मा सबै गाउँपालिका/नगरपालिकामा पत्राचार गरिएकोमा पुनः कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. ४७, मिति २०८१/०५/१८ को मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको म्याद थप सम्बन्धी पत्र प्राप्त भएकोले प्राप्त पत्र एवम् सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

५/२१

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

द. प. सं. १६१/५।२१


नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(............................................. शाखा)

सिंहदरबार, काठमाण्डौ


प.सं. : ०८१/८२ अ.रा.
च.नं. : ८०

मिति: २०८१/०५/१८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८०६
दर्ता मिति:- ५।२०

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको म्याद थप सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट प्रत्येक वर्ष विश्व मानव अधिकार दिवसको अवसरमा प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुको दरखास्त आह्वान गरी यही मिति २०८०/०४/२९ को गोरखापत्र र कान्तिपुर दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा प्राप्त आवेदनलाई यथावत राखी अन्य योग्य व्यक्ति तथा संस्थालाई आवेदन गर्ने थप अवधि प्रदान गरी पुरस्कारलाई थप प्रतिस्पर्धात्मक बनाउन उक्त पुरस्कारको लागि आवेदन पेश गर्ने मिति २०८१/०६/०३ सम्म थप गरिएको हुँदा सो म्याद थप सम्बन्धी सूचना तँहा मन्त्रालयको वेभसाइटमा राखी साथै सबै स्थानीय तहमा आवश्यक प्रचार प्रसारका लागि निर्णयानुसार अनुरोध छ।

साथै, म्याद थप सम्बन्धी सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरिएको छ।

२०८१/०५/१२

(अनुजा दत्त)
शाखा अधिकृत

नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

# मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

(पुनः सूचना प्रकाशन मितिः २०८१/०५/१८)

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना व्यक्ति र एउटा संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने सम्बन्धमा यस वर्ष प्रदान गरिने पुरस्कारका लागि मिति २०८१/०४/२९ को सूचना मार्फत आवेदन आह्वान गरिएकोमा सो अवधिभित्र प्राप्त आवेदनलाई यथावत राखी उक्त पुरस्कारको सम्बन्धमा आवेदन पेश गर्ने मिति २०८१/०६/०३ सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

इमेलः **hrprize@moljpa.gov.np**

पुनश्चः मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ यस मन्त्रालयको बेबसाइट (**www.moljpa.gov.np**) मा राखिएको छ।

मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।